नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १९८

मिति: २०८२/०९/०४
नेपाल संवत् ११४६

विषयः जानकारी सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।
श्री नगरपालिका, (सबै)।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा, निर्माण व्यवसाय प्रवर्द्धन शाखाको प.सं. २०८२/०८३, च.नं. ६४, मिति २०८२/०८/२९ को निर्माण व्यवसायी मार्फत हुने सबै सार्वजनिक निर्माण कार्यको बिल भुक्तानी हुँदा निर्माण व्यवसायी कोषको खातामा अनिवार्य रुपमा जम्मा गराउने व्यवस्था सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.................
(प्रकाश पन्थी)
शाखा अधिकृत

**बोधार्थः**
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा, निर्माण व्यवसाय प्रवर्द्धन शाखा, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा
## निर्माण व्यवसाय प्रवर्द्धन शाखा

Website:mopit.gov.np
Email:cbps2071@gmail.com

फोन नं. ५३१५७७२
फ्याक्स नं. ५३५१३५५
बबरमहल, काठमाडौ।

पत्र संख्या ४.२ ०८२/०८३
च.नं. ६४

मितिः-२०८२/०८/२९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।

विषयः- परिपत्र सम्वन्धमा ।

प्रस्तुत विषयमा निर्माण व्यवसाय ऐन, २०५५ को दफा १७ उपदफा (२) को खण्ड (ख) तथा निर्माण व्यवसायी नियमावली, २०५६ को दफा १४ बमोजिम निर्माण व्यवसायीले स्वीकृत ठेक अङ्कको ०.१० (शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम निर्माण व्यवसायी कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाको कार्यन्वयनलाई थप प्रभावकारी बनाउन मिति २०८२ कार्तिक २५ गते माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री एवं निर्माण व्यवसाय विकास परिषद्का अध्यक्ष श्री कुलमान घिसिङज्यूको अध्यक्षतामा बसेको निर्माण व्यवसाय विकास परिषदको ४४औं बैठकको **"निर्माण व्यवसाय ऐन, २०५५ को दफा १७ (२) (ख) र निर्माण व्यवसाय नियमावली, २०५६ को नियम १४ बमोजिमको रकम निर्माण व्यवसायी कोषमा जम्मा गर्न मन्त्रालयहरुलाई अनुरोध गर्ने"** निर्णयानुसार निर्माण व्यवसायी मार्फत हुने सवै सार्वजनिक निर्माण कार्यको विल भुक्तानी हुंदा **निर्माण व्यवसायी कोषको** देहायका मध्ये कुनै खातामा अनिवार्य रुपमा जम्मा गर्ने गराउने व्यवस्थाको लागि तहाँ मन्त्रालय मार्फत सवै स्थानिय तहहरुलाई परिपत्र गरिदिनुहुन अनुरोध छ ।

<u>निर्माण व्यवसायी कोषको खाता विवरण</u>

१.नेपाल राष्ट्र बैंक, थापाथली खाता नं. १२०४५१८००१००५५२४
२.राष्ट्रिय वाणिज्य बैंक,थापाथली खाता नं. १४३०१००००१६९३००१
३.नेपाल बैंक लिमिटेड, डिल्लीबजार खाता नं. ०३२००१०००७०७२६००००००१
४.कृषि विकास बैंक,रामशाहपथ खाता नं. ०१००२०१०१९३३२०१५
(स्थायी लेखा (पान) नं.२०१२९०७७४)

प्रकाश आचार्य
(उपसचिव)